फोन नं. : ०६७ ४३०२०२/२०३

फलेवास नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
स्वानीगाउँ, पर्वत

# हार्दिक शुभकामना

नयाँ वर्ष २०७९ को उपलक्ष्यमा स्वदेश तथा विदेशमा रहनु भएका नेपाली आमावुवा, दाजुभाई तथा दिदिवहिनीहरुमा सुख शान्ति, दिर्घायू, सुस्वास्थ्य एंव मंगलमय शुभकामना व्यक्त गर्दछु ।

हाम्रो नगरपालिका राजश्व व्यवस्थापन, आन्तरिक सुशासन, स्थानीय तहको क्षमता विकास स्वमूल्यांकनमा उत्कृष्ट नगरपालिका र देशकै उत्कृष्ट १० पालिकामा भित्र पर्न सफल भएको छ, यो फलेवास र फलेवासीको गौरवको विषय हो ।
हामी निर्वाचित भएर नगरपालिकाको जिम्मेवारी लिंदै गर्दा भवन विहिनको अवस्था, जिर्ण वडा कार्यालयहरु तथा स्वास्थ्य चौकीहरु, ६ महिना चल्ने सडक, काठेपोलवाट जोखिमयुक्त विद्युतीकरण, अति समस्याग्रस्त खानेपानी, अस्तव्यस्त सामाजिक संरचनाका विच कार्य प्रारम्भ गरिएको थियो ।

नगर कार्यपालिकाले सवै वस्तीमा सडक सञ्जालिकरण, नगरपालिकाकै नाममा ६० रोपनी ८ आना नि:शुल्क जग्गा प्राप्त गरी आफ्नै जमिनमा प्रमुख प्रशासकीय भवन निर्माण, आफ्नै जमिनमा कार्यालय भवन निर्माण गरी सेवा सञ्चालन, फलेवास नगर अस्पताल सञ्चालन, अस्पताल भवन निर्माण शुरु भएको छ । वडा कार्यालय भवन निर्माण भएका छन र सवै वडा कार्यालयहरु सरकारी भवनवाट सेवा दिइएको छ । अग्ला झोलुंगे पुल, ६ वटा सडक मोटरेवल पुल निर्माणले यातायात सहज भएको छ । वाहिरी चक्रपथ ट्याक ओपन, भित्रि चक्रपथ स्तरउन्नती, सेन्टर चक्रपथ कालोपत्रे र लिंक रोडको निर्माणले फलेवास र छिमेकी पालिकाको आवतजावतमा सुविधा पुगेको छ । नगरपालिकाले अगाडी सारेको क्लिन फलेवास ग्रिन फलेवास अभियान, विपन्न वर्गका असंगठित श्रमिकहरुको लागि श्रमिक पेन्सन, विरुवा हाम्रो फल तपाईको, टनेल हाम्रो उत्पादन तपाईंको कार्यक्रम, विपन्न आयआर्जन कार्यक्रम, एक वार्ड एक महिला उद्योग, एक वार्ड एक घरेलु औजार उद्योग, एक वार्ड एक पशु फार्म, एक वार्ड एक कृषि फार्म, वृहत कृषि फार्म, एक घर एक उद्यम विकास, विद्युर पुरुष तथा एकल महिला प्रोत्साहन, नौमती वाजा व्यवस्थापन, एक घर एक धारा, वाँझो जमिनमा खेती, प्रतिफलमा आधारित अनुदान आदि कार्यक्रम मार्फत नगरवासीहरुलाई सेवा दिंदै आएका छौं ।

सवै नगरवासीहरुलाई आफ्नो दायित्व र कर्तव्यलाई सम्झँदै नगरको बृहत्तर हितमा केन्द्रित हुन समृद्धि सँगै समाजलाई सभ्य, शान्तिपूर्ण, मानवतापूर्ण, मित्रतापूर्ण, सुसंस्कृत र शिक्षित समाजका रुपमा विकास गर्ने अभियानमा हातेमालो गर्न अनुरोध गर्दछु ।

अन्तमा, यहाँहरुले हामीलाई ५ वर्ष पहिला दिएको फलेवासको जिम्मेवारीलाई इमान्दारी र कर्तव्यनिष्ट रुपमा कार्यसम्पादन गरी फलेवासको दिगो विकासका लागि योजनावद्ध रुपमा काम भई रहेको र आगामी दिनमा समेत यहाँहरुको भावना र फलेवासको विकासका लागि अहोरात्र लागि रहने प्रतिवद्धता व्यक्त गर्दछु ।

धन्यवाद

मिति : २०७९ साल वैसाख १ गते

पदमपाणी शर्मा
नगर प्रमुख

Phone no: 067-430102/430103/430104
Website : www.phalewasmun.gov.np, Email : phalewashnagarpalika@gmail.com